# संघीय संसद
# प्रतिनिधि सभा

एघारौं अधिवेशन
बैठक संख्या - ३३

## दैनिक कार्यसूची

२०७९ असार २० गते

**सोमबार**

दिनको १:०० बजे

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को गठन सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### सन्देशको जानकारी

२. प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पति भएका निम्नलिखित विधेयकका सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनु हुने ।

(क) विनियोजन विधेयक, २०७९
(ख) आर्थिक विधेयक, २०७९
(ग) राष्ट्र ऋण उठाउने विधेयक, २०७९
(घ) ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९

### सन्देश टेबुल

३. राष्ट्रिय सभामा उत्पत्ति भएका निम्नलिखित विधेयक का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गरिने ।

(क) औषधी (तेस्रो संशोधन) विधेयक, २०७९
(ख) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९
(ग) रेल्वे विधेयक, २०७९

### वार्षिक प्रतिवेदन पेश

४. सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले “नेपालको संविधानको धारा ५३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७७/२०७८” पेश गर्नुहुने ।

### प्रतिवेदन पेश

५. कानून, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले :-

(क) “फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९” पेश गर्नुहुने ।
(ख) तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९” पेश गर्नुहुने ।

६. राज्य व्यवस्था तथा सुशासन समितिका मा० ज्येष्ठ सदस्य श्री मुकुन्द न्यौपानेले “सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९” पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

७. सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले राष्ट्रिय सभामा उत्पत्ति भएको “नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

८. मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले :-

(क) “शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि छलफल गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।
(ख) “मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ लाई पारित गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव